# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल


प.सं.:२०८२/०८३
च.नं.:

### प्रस्ताव आव्हानको सूचना
### दोश्रो पटक प्रकाशन मितिः२०८२/०९/०८

यस कार्यालयको आ .व.२०८२ ०८३/को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ "बमोजिम देहायका कार्यक्रमहरु साझेदारी गर्न इच्छुक निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नहुन आव्हान गरीन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु | कार्यक्रम लागू हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखा श्रोतकेन्द्र स्थापना | १ | ४लाख | नीलकण्ठ नगरपालिका भित्र | न्यूनतम २० वटा प्रजनन योग्य माउ बाखा भएको हुनुपर्ने |
| २ | गाईभैसी श्रोतकेन्द्र स्थापना | १ | ५लाख ७५ हजार | | न्यूनतम १० वटा गाई वा भैसी पालेको हुनुपर्ने |
| ३ | घाँसेबाली श्रोत केन्द्र सुदृढीकरण | १ | ४लाख | | न्यूनतम घाँस रोप्ने प्रयोजनको लागि २ रोपनी जग्गा भएको हुनुपर्ने |

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१.निवेदन र संक्षिप्त कार्ययोजना (अनुसूची-५ र ६ बमोजिम)
२.सम्बन्धित सरकारी निकायमा दर्ता नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि |
३.निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि |
४.अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि |
५. समूह/सहकारीको हकमा कार्यक्रम माग गरेको कार्यसमितीको निर्णयको प्रतिलिपि |
६.कार्यक्रम संचालन हुने स्थान (जग्गा /जमिनको) स्वामित्व खुल्ने कागजातहरु वा लिजमा लिएको जग्गा भए कम्तिमा ५ बर्षको सम्झौता पत्र |
७.सोहि प्रकृतीको कार्यको लागि बिगत २ वर्ष देखि अनुदान नलिएको स्व-घोषणा पत्र ।
८.कार्यक्रम माग गर्दाको बखत निवेदनमा पशु संख्या अनिवार्य रुपमा खुलाउनु पर्ने छ |साथै उपलब्ध भए सम्म सम्बन्धित कार्यक्रमको लागि कार्ययोजना अनुरुपको योग्यता /तालिम/अनुभव जनाउने कागजातहरु पेश गर्नुपर्ने छ |
९. संबन्धित वडा कार्यालयको सिफारिस पत्र |

पुनश्चःलाभग्राही छनौट प्रक्रिया प्रदेश तथा स्थानीय तहमा" हस्तान्तरण भएको सशर्त वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"को अनुसूची -४ मा उल्लेखित मापदण्डका आधारमा हुनेछ |

प्रमुख प्रशासकीय अधिकृत